KHABARNAGARIK
www.khabarnagarikupdate.com
E-paper
# खबर नागरिक
KHABAR NAGARIK अपडेट
खबर नागरिकको समाचार हाम्रो
KHABARNAGARIK
खबर नागरिक
KHABAR NAGARIK अपडेट
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarikupdate.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ चैत्र ७ गते शनिबार (Saturday 21 Mar. 2026) | www.khabarnagarik.com

# मुस्लिम समुदायले आज ईद मनाउदै

**खबर नागरिक**
भैरहवा ।

मुस्लिम धर्मावल्मीहरुले ३० दिनको रोजा पुरा गरेर आज शनिबार ईद मनाउदै छन । शुक्रबार सूर्यास्तपछि सव्वाल महिनाको चन्द्रमा देखिए पछि रमजानको विदा गर्दै ईद उलफित्र अर्थात ईद मनाएका हुन । सामान्यत्या इस्लामिक महिना २९ र ३० दिनको हुन्छ । बिहीबार २९ दिनमा चन्द्रमा नदेखिएपछि शनिबारको लागि ईद तय भएको हो । शुक्रबार मुस्दिम समुदायले अलविदाको नमाज पनि अदा गरेका छन । पवित्र ग्रन्थ कुरआन अवतरण भएको महिना रमजान मुस्लिम समूदायको पवित्र महिना पनि हो । ईद भैरहवा सहित देश विदेशभरि धुमधामका साथ मनाइदै छ । साउदी लगायतको खाडी मुलुकमा भने शुक्रबार नै ईद मनाइएको छ । आत्मसंयम र शुद्धिका लागि एक महिनासम्म रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट ईद मनाइने गरिन्छ । रमजान उर्दु क्यालेन्डरको नवौं महिना हो ।

यस क्षेत्रका मुस्लिमहरु स्थानीय गल्लामण्डीको ईदगाह, बसडीलिया लगायतका ईदगाह र केही मस्जिदहरुमा विहान ८ बजे देखि ९ बजेको समयमा समुहिक ईदको नमाज पढिन्छ । ईस्लाम धर्मको महान पर्व (ईदुल फित्र) ईद र (ईदुलअजहा) बकरईदको दिन मात्रै मुस्लिम समुदाय एकत्रित भई ईद गाहमा नमाज पढ्ने गर्छन ।

ईदको दिन बिहानै नुहाइधुवाइ गरी सुकिला, सफा कपडाका साथमा वासनादार अत्तर लगाई ईद गाह वा मस्जिदमा जम्मा भई समूहमा नमाज पढिन्छ । प्रर्थनामा सम्पूर्णको स्वास्थ्य, शान्ति र अमनचयनको कामना गर्ने गरिन्छ । सो पश्चात एकआपसमा गला मिलाएर ईद मुबारक भन्दै एकआपसमा शुभकामना साटासाट गर्ने नमाजपछि ईदको विशेष परिकार सेवईका साथै अन्य मिठाईका



परिकारहरु र खानेकुरा खाएर शुभकामनासहित पाहुनाहरुलाई स्वागत गर्छन् ।

विपन्न, अशक्त, टुहुरा, असहाय आदिलाई दान दिएर खुशी पार्नु पर्ने यो चाडको प्रमुख विशेषता हो । ईद को पूर्व सन्ध्यामा रमजानको महिनामा गरिने उपासनाबाट अन्य महिना भन्दा ७० गुणा बढी लाभ मिल्ने धार्मिक विश्वास छ ।

एक महिनासम्म चल्ने रमजानमा इस्लाम धर्मावलम्बीहरुले उपवास (व्रत) बस्नुपर्छ, जसलाई 'रोजा' भनिन्छ । रोजामा इस्लाम धर्मावलम्बीहरु बिहान सूर्य उदाएदेखि सुर्यास्त नहुँदासम्म प्रत्येक दिन एक महिनासम्म पानी समेत नखाइ ब्रत बस्ने गर्छन् । सूर्य उदाउनुभन्दा लगभग दुई घन्टा अगाडि केही खानेकुरा (सेहरि) खाई सुरु गरिएको (व्रत) रोजा सूर्यास्त भइसकेपछि अफतारी (व्रत तोडनु)गरी रोजा खोल्नुपर्छ । रोजाको समयमा मुसलमान निराहार यहाँसम्मकी जानेर थुक पनि निल्नु हुँदैन ।

रोजा जस्तो कठिन व्रत गर्ने व्रतालुले यस महिनालाई पवित्र महिनाका रुपमा लिएको पाइन्छ । रोजा अशक्त, बिरामी र बालबालिकाबाहेक सबैलाई अनिवार्य छ । तीस दिनको यो रमजान महिनालाई तीन भागमा बाँडिएको छ । पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफलाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने मुसलमानले यी तीन कुरा प्राप्त गर्न अल्लाहको आदेशलाई पालना गर्न रोजा बस्ने गर्छन् ।

यस महिनामा प्रत्येक मुसलमानले जनही एक किलो ७५० ग्राम गहुँ वा सो बराबरको मूल्य फित्तरा निकाल्नुपर्छ भने वर्षभरिको आम्दानी र सम्पत्तिबाट अढाइ प्रतिशत जकात (कर) निकाल्नुपर्छ, यस्तो फित्तरा र जकात गरिब, असहाय, दिनदुःखी मस्जिद वा मदरसामा दिनुपर्छ । फित्तरा र जकात ईदुलफित्र अर्थात् ईद को नमाज पढ्नुभन्दा अगावै निकाली सक्नुपर्छ । यो नेपालमा मात्र नभई संसारभरिकै मुसलमानमा लागू हुन्छ । अल्लाहका लागि त्याग, समर्पण र बलिदानको भावना जागृत भएर आउने रमजान महिनामा मुसलमान आस्था र विश्वासलाई अझ दृढ बनाउन मद्दत गर्ने मान्यता रहेको छ ।

इस्लाम धर्मका पाँच आधारभूत सर्त कलमा, रोजा, नमाज, जकात र हजअन्तर्गत हजबाहेक सबै आधारभूत सर्तहरु पूरा गर्ने अवसर प्राप्त गर्छन् । इदको ७०औं दिनमा बकरिद अर्थात 'इदउलअजहा' पर्व मनाउने गरिन्छ । जस्कोलागि मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्छन ।

## फोहोरमैला बर्गीकरण सम्बन्धि सूचना

सिद्धार्थनगर नगरपालिकाको दिर्घकालिन फोहोरमैला व्यवस्थापनका लागी फोहोरमैला बर्गीकरण भएपश्चात मात्र फोहोर उठाउने कार्यक्रम रहेकोले सबै नगरबासीहरूले मिति २०८२ चैत्र १७ सम्म आफ्नो पसल, होटल, निजी घर, संघ/संस्था र विद्यालय लगायतबाट उत्पादन हुने फोहोरहरू देहाय बमोजिम बर्गीकरण गर्नुहुन यो सूचना प्रकाशन/प्रशारण गरिएको छ । फोहोर बर्गीकरण नगर्नेको फोहोर नउठाउने निर्णय भएको यहाँलाई अवगत गराइन्छ ।

**१. कुहिने जैविक फोहोर** : घरेलु फोहोरमैला ( खाना पकाउदा बाँकी रहेका अवशेष, भात, दाल, तरकारी तथा फलफुलका बोक्रा, सागसब्जी, पातिङ्गर, घास, चिया तथा कफिका अवशेष आदी कुहिने फोहोर) जस्ता सडिंगलि जाने प्रकृतिका घरायसी वस्तुहरु,

**२. नकुहिने (अजैविक) फोहोर**: प्लाष्टिक, पोलिथिन, रबर, कपडा, जुत्ता, ब्याट्रि विद्युतिय समानहरुका अवशेष जस्ता सडिगली नजाने प्रकृतिका फोहोरहरु,

**३. नकुहिने (अजैविक) फोहोर** : सिसा, काँच, धातु, टिन लगायत सडिगली नजाने प्रकृतिका कवाडहरु

नोटः उल्लेखित प्रकृतिका फोहोरहरु बर्गीकरण नगरिएमा नगरपालिकाले फोहोरमैला नउठाउने र सोको व्यवस्थापन स्वंयम आफैले गर्नुपर्नेछ । फोहोरमैला जथाभावी सडक पेटी तथा सार्वजनिक स्थलमा फालेको पाइएमा कानुन बमोजिम न्यूनतम रु. ५ हजार देखि माथी फोहोरको प्रकृति अनुसार जरिवाना लाग्नेछ । मिति २०८२ चैत्र १८ गते देखि बर्गीकरण नभएको फोहोर संकलन नहुने हुँदा सबैले फोहोर बर्गीकरण गर्ने कार्यमा सहयोग गर्नुहुन अनुरोध गरिएको छ ।

सिद्धार्थनगर नगरपालिका
रूपन्देही